Regd. No.: 1116-074/065/066
सुपर मादी हाइड्रोपावर लि.
SUPER MADI HYDROPOWER LTD.

प.सं.०८०/०८१
च.नं. 68

मिति २०८०/०९/०८

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवार प्लाजा,काठमाण्डौ ।

विषय : बार्षिक साधारण सभाको सुचना प्रकाशन गरिएको वारे ।

महेदय,

प्रस्तुत विषयमा यस सुपर मादी हाईड्रोपावर लिमिटेड आ.व.२०७८/०७९ र २०७९/०८० को तेह्रौ र चौधौं संयुक्त बार्षिक साधारण सभा मिति २०८०।०९।२८ गते ११ बजे होटल इम्पेरीयल काठमाण्डौ, बत्तिसपुतलीमा गरिने कुराको जानकारी गराउदै उक्त सभाको सुचना राष्ट्रियस्तरको दैनिक राजधानि पत्रिकामा मिति २०८० पौष ०७ गते प्रथम पटक प्रकाशित गरिएको र सो सुचना यसै पत्र साथ संलग्न गरि पेश गरिएको ब्यहोरा जानकारी को लागी अनुरो गरिन्छ ।

**बर्षिक साधारण सभा प्रयोजनका लागी मिति २०८०/०९/१७ गते एक दिन कम्पनिको शेयर धनि दर्ता किताव वन्द रहने** ब्यहोरा समेत जानकारीको लागी अनुरोध गर्दछु ।

पुष्प ज्योती ढुङ्गाना
कार्यकारी अध्यक्ष

**बोधार्थः**

श्री नेपाल धितोपत्र बोर्ड ।
खुमलटार, ललितपुर ।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
पुतलिसडक ,काठमाण्डौ ।

श्री शेयर रजिष्ट्रार,सानिमा क्यापटिल लिमिटेड,
नक्शाल,काठमाण्डौ ।

Kathmandu -30, Dillibazar, Kathmandu 01-4527090, 4523971 supermadihydro@gmail.com www.supermadihydro.com.np

Regd. No.: 1116-074/065/066

**सुपर मादी हाइड्रोपावर लि.**
**SUPER MADI HYDROPOWER LTD.**

डिल्लिबजार, काठमाण्डौं, फोन नं.: ०१-४५२७०९०, ४५२३९७१
Email : supermadihydro@gmail.com, Website : www.supermadihydro.com.np

# तेह्रौं (२०७९) र चौधौं (२०८०) को संयुक्त वार्षिक साधारण सभा बस्ने वारेको सूचना

**प्रथप पटक प्रकाशित मितिः २०८०/०९/७**

श्री आदरणीय शेयरधनी महानुभावहरु,
यस सुपर मादी हाईड्रोपावर लिमिटेडको मिति २०८०/०९/०६ गते साझ ६:०० बजे बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न कम्पनीको तेह्रौं र चौधौं वार्षिक साधारण सभा संयुक्त रुपमा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि कम्पनी ऐन २०६३ को दफा ६७(२) बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, स्थान र समय**
**मितिः** २०८० साल पौष २८ गते शनिवार (तदनुसार सन् २०२४ जनवरी १३) ।
**स्थानः** होटल इम्पेरियल काठमाडौं, बत्तिसपुतली ।
**समयः** बिहान ११:०० बजे ।

**छलफलका विषयहरुः**
**क. सामान्य प्रस्तावहरु**

१. अध्यक्ष ज्यूको मन्तव्य तथा तेह्रौं तथा चौधौं संयुक्त वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको तर्फबाट प्रस्तुत संयुक्त वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने वारे ।
२. लेखापरीक्षकद्वारा प्रस्तुत आ.व.२०७८/०७९ र २०७९/०८० को लेखापरीक्षण प्रतिवेदन सहितको आय व्यय विवरण र वासलात माथि छलफल गरि पारीत गर्ने बारे ।
३. आगामी आ.व. २०८०/०८१ को लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने ।
४. कम्पनीको सस्थापक समूहबाट ५ जना संचालक तथा सर्वसाधारण समूहबाट १ जना र स्वतन्त्रबाट १ संचालकको निर्वाचन/मनोनयन/अनुमोदन गर्ने वारे ।
५. संचालक समितिको सुविधा तथा बैठक भत्ता तोक्ने बारे ।
६. चुक्ता पूँजी रु २,१०,००,००,०००।- को २ प्रतिशत (कर बाहेक) रु ४,२०,००,०००।-(चार करोड विस लाख मात्र) र कर प्रयोजनको लागि रु २२,१०,५२६।– गरि जम्मा रु.४,४२,१०,५२६।– नगद लाभांश वितरण गर्ने वारे ।

**ख. विशेष प्रस्तावहरु**

१. कम्पनीको प्रवन्ध पत्रको दफा २ तथा नियमावलीको नियम २ (ठेगाना परिवर्तन), नियमावलीको नियम २७(२), नियम २८ (संचालक समितिको संख्या, संचालक हुन लिनुपर्ने न्युनतम शेयर संख्या) मा संसोधन गर्ने वारे ।
२. कर्जाको अनुमोदन तथा अख्तियारी दिने वारे ।
३. उपयुक्त अन्य आयोजनामा लगानी गर्ने वारे ।
४. विविध ।

## साधारण सभा सम्बन्धी थप सामान्य जानकारी

१) तेह्रौं तथा चौधौं बार्षिक सम्युक्त साधारणसभा तथा नगद लाभांश बितरण प्रयोजनका लागी मिति २०८०/०९/१७ गते एक दिन कम्पनीको शेयरधनी दर्ता किताव वन्द गरिनेछ । नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०८०/०९/१६ गते सम्म कारोवार भई शेयर खरिद गरि आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरु सो सभामा भाग लिन तथा नगद लाभांशको लागि योग्य हुनेछन ।

२) आफ्नो राय, सुझाव वा मन्तव्य राख्न चाहनु हुने शेयरधनी महानुभावहरुले सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको फोन नं. ०१-४५२७०९०, ४५२३९७१ मा वा कम्पनीको आधिकारिक ईमेलः supermadihydro@gmail.com मा सम्पर्क गरी नाम टिपाउनु हुन अनुरोध गर्दछौं । सभामा आफ्नो लिखित राय, सुझाव राख्न चाहनु हुने शेयरधनी माहानुभावहरुले उक्त राय सुझाव कम्पनीको इमेल ठेगानामा पठाउन सक्नु हुनेछ ।

३) सभामा आफु उपस्थित नभई प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा सुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै यस कम्पनीको रजिष्टर्ड कार्यालयमा प्रोक्सी फारम दर्ता गरिसक्नु पर्नेछ । सभामा भाग लिन र मतदान गर्नका लागि प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्कै मुकरर गर्ने भएमा सोको लिखित सूचना सोही अवधि भित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत कम्पनीको शेयरधनी हुनु पर्नेछ तर प्रतिनिधि नियुक्त गर्नु भएका शेयरधनी आफैं उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा प्रतिनिधिपत्र स्वतः बदर हुनेछ ।

४) संरक्षक रहनु भएका शेयरधनी महानुभावहरुका तर्फबाट कम्पनीको शेयर लगत कितावमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले, संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतिबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले र कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरधनीको हैसियतले सभामा भाग लिन र मतदान गर्न सक्नु हुनेछ

५) एक भन्दा बढी व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता गरेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सकिनेछ । कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ ।

६) कुनै शेयरधनी महानुभावले छलफलका विषयहरुमध्ये विविध शीर्षक अन्तर्गत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न गराउन चाहेमा सभा हुनु भन्दा सात दिन अगावै कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनु पर्नेछ । तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा पारितको रुपमा समावेस गर्ने वा नगर्ने अधिकार सञ्चालक समितिको अध्यक्षमा निहीत रहनेछ ।

७) सञ्चालक निर्वाचनको विस्तृत कार्यक्रम निर्वाचन अधिकृतको कार्यालय कुपण्डोल, ललितपुरमा प्रकाशित हुने भएकोले त्यस सम्बन्धमा थप जानकारी राख्न ईच्छुक शेयरधनी तथा उम्मेदवारले कार्यालय समय भित्र सर्म्पक राख्न अनुरोध गर्दछौं ।

८) सञ्चालक पदमा उम्मेदवार हुन चाहने शेयरधनीले कम्पनीको कार्यालय कुपण्डोल, ललितपुरमा प्रकाशित निर्वाचन सम्बन्धी कार्यक्रमको सूचनामा उल्लेखित मितिमा निर्धारित समय भित्र कम्पनीको शेयरधनी प्रस्तावक र अर्को एक जना शेयरधनी समर्थक सहित तोकिएको ढाँचा बमोजिम आफ्नो उम्मेदवारको दरखास्त दर्ता गर्नु पर्नेछ । उम्मेद्वारीबाट आफ्नो नाम फिर्ता लिन चाहेमा समेत सोहि निर्वाचन सम्बन्धी कार्यक्रम बमोजिम आफ्नो नाम फिर्ता लिन दरखास्त दर्ता गनुपर्नेछ । सञ्चालक पदमा उम्मेदवारी दिने शेयरधनी अन्य उम्मेदवारको प्रस्तावक वा समर्थक हुन सक्ने छैन ।

९) सञ्चालक पदको निर्वाचनमा उम्मेदवार हुने शेयरधनीले कम्पनी ऐन २०६३ बमोजिम आवश्यक न्युनतम शेयर लिई प्रचलित कानुन बमोजिम सञ्चालक हुन योग्य रहेको हुनपर्दछ ।

१०) यस कम्पनीको सञ्चालक निर्वाचन निर्देशिका शेयरधनीहरुले यस कम्पनीको कार्यालयबाट प्राप्त गर्न सक्नुहुनेछ । निर्वाचन सम्बन्धी अन्य जानकारी तथा कार्यक्रम सम्बन्धी सूचना कम्पनीको प्रधान कार्यालयको सूचना पाटीमा टाँसिने छ ।

११) वार्षिक साधारण सभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनी कार्यालयमा सम्पर्क राख्न अनुरोध गरिन्छ । थप जानकारीको लागि कम्पनीको वेवसाइट www.supermadihydro.com.np मार्फत प्राप्त गर्न सक्नु हुनेछ

**संचालक समितिको आज्ञाले,**
**कम्पनी सचिब**

